# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) मुकामः बुटवल, कार्तिक २९ गते, २०७८ साल (अतिरिक्ताङ्क २८

## भाग २

### प्रदेश सरकार

## उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७८/०६/१४ मा स्वीकृत भएको “उद्यम विकास कोष सञ्चालन (प्रथम संशोधन) नियमावली, २०७८” सर्व साधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

<u>उद्यम विकास कोष सञ्चालन (प्रथम संशोधन) नियमावली, २०७८</u>

१. **<u>मुल नियमावलीको नियम ७ मा संशोधनः</u>** मूल नियमको दफा ७ मा,-

१. खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ ।

(घ) यस नियमावली बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बैंकबाट बढिमा बिस लाख रुपैयाँ सम्म ऋण लिएको हुनुपर्नेछ ।

२. **<u>मुल नियमावलीको नियम ९ मा संशोधनः</u>** मूल नियमको दफा ९ मा,-

१. खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ ।

(क) अनुदानग्राहीलाई ब्याज अनुदान वापत बढीमा तीन वर्ष सम्म पाँच लाख रुपैयाँमा नबढ्ने गरी रकम उपलब्ध गराईनेछ ।

<u>अनुसूची १ :</u> मूल नियमको अनुसूची १ मा,-

१. क्र.स. ४ को सट्टा देहायको क्र.स. ४ राखिएको छ ।

(४.) आ.व.२०७६/०७७ र सो पछि दर्ता भई निवेदन पेश गरेका उद्योगहरु ।

**आज्ञाले,**

**पशुपति नाथ कोइराला**

**सचिव**